# अर्जुनधारा नगरपालिका


## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ३,संख्या १,शनिश्चरे,ज्येष्ठ १३ गते,२०७६ साल**


**भाग २**

अर्जुनधारा नगरपालिका,नगर कार्यपालिकाको मिति २०७६/०२/१३ गते बसेको बैठकले देहाय बमोजिमको अर्जुनधारा नगरपालिकाको शेयर लगानी सम्बन्धी कार्यविधि,२०७६ स्वीकृत गरी लागू गर्ने निर्णय गरेकाले सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अर्जुनधारा नगरपालिकाको शेयर लगानी सम्बन्धी कार्यविधि

अर्जुनधारा नगरपालिकाले विभिन्न उद्योगहरुमा शेयर लगानी गर्न आवश्यकतालाई मध्यनजर गर्दै अर्जुनधारा नगर कार्यपालिकाको मिति २०७६/०२/१३ को बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः-

१) यस कार्यविधिको नाम ' शेयर लगानी सम्बन्धी कार्यविधि २०७६' रहनेछ ।

२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः-

१) 'नगरपालिका' भन्नाले अर्जुनधारा नगरपालिका सम्झनु पर्दछ ।

२) 'उद्योग' भन्नाले नगरपालिकाभित्रसहकारिताको सिद्धान्तबमोजिम संघीय , प्रदेश वा स्थानीय सहकारी कानुन बमोजिम स्थापित उत्पादनमूलक उद्योग सम्झनुपर्छ ।

३) 'शेयर लगानी' भन्नाले नगरपालिकाले उद्योगमा लगानी गर्ने शेयर सम्झनुपर्छ ।

४) 'प्रतिफल' भन्नाले नगद बोनस , बोनस शेयर वा यस्तै प्रकृतिको प्रतिफललाई सम्झनुपर्छ ।

३. नगरपालिकाको शेयर लगानी नीतिः-

१) नगरपालिकाले सुरक्षा, तरलता, प्राप्त हुनसक्ने प्रतिफल , स्थानीय रोजगारी सृजना गर्ने उद्योगमा शेयर लगानी गर्नेछ ।

२) उद्योगको कार्यप्रकृति , नगरपालिकाको आवश्यकता तथा सामूहिक हितका आधारमा अनुदान दिनुपर्ने प्रकृतिको काममा अनुदानको सट्टा शेयरमा लगानी गर्ने ।

३) नगरपालिकाले १ आर्थिक वर्षमा एकपटक वा पटक पटक गरी रु २५ लाख भन्दा बढी शेयर लगानी गर्ने छैन ।

४) एक उद्योगमा ५ लाख भन्दा बढी लगानी नगर्ने ।

४. शेयर लगानीको निर्णयः

१) नगरपालिकाले शेयर लगानी नीति बमोजिम उद्योगहरुबाट प्राप्त निवेदन र नगरपालिकाले पहिचान गरेको प्राथमिकताप्राप्त क्षेत्रमा कुल चुक्ता पुँजीको हिस्सा यकिन गरी शेयर लगानीको निर्णय गर्नेछ ।

२) नगर सभाबाट वार्षिक बजेट तथा कार्यक्रममा समावेश भई स्वीकृत भएपछि मात्र शेयर लगानी गर्नेछ ।

३) नगरसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरेको अवस्थामा रु. पाच लाखमा नबढ्ने गरी नगर कार्यपालिकाको निर्णयबाट शेयर लगानी गर्ने सक्नेछ ।

५. सम्झौता गर्नुपर्नेः

१) नगरपालिकाले कुनै उद्योगमा लगानी गर्ने निर्णय भएमा नगरपालिकाले उक्त उद्योगसँग सम्झौता गरी शेयर बापतको रकम भुक्तानी गर्नेछ ।

६. शेयर प्रमाणपत्रः

१) उद्योगले नगरपालिकाबाट शेयर बापतको रकम प्राप्त गरेको १५(पन्ध्र) दिन भित्र शेयरको प्रमाणपत्र दिनुपर्नेछ ।

७. प्रतिवेदनः

१) नगरपालिकाको शेयर रहेको उद्योगले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अन्तिम लेखापरीक्षणको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

८. प्रतिफल दिनुपर्नेः

१) नगरपालिकाको शेयर रहेको उद्योगले नगरपालिकालाई वार्षिक रुपमा प्रतिफल उपलब्ध गराउनुपर्नेछ । यस्तो प्रतिफल आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र नगरपालिकाई उपलब्ध गराइसक्नु पर्नेछ । कुनै कारणले सो अवधिभित्र प्रतिफल उपलब्ध गराउन नसक्ने भएमा सो को कारणसहित नगरपालिकामा निवेदन दिनुपर्नेछ । यस्तो निवेदनको व्यहोरामा नगरपालिका सन्तुष्ट भएमा ३ महिना सम्मको अवधि थप गरिदिन सक्नेछ ।

९. स्वीकृति लिनुपर्नेः

१) नगरपालिकाको शेयर लगानी रहेको उद्योगले ऋण लिनुपर्ने भएमा , पुँजी वृद्धि गर्नुपरेमा सोको कारणसहित नगरपालिकामा स्वीकृतिको लागि निवेदन दिनुपर्नेछ ।

२) यसरी निवेदन प्राप्त भएपछि नगरपालिकाले पन्ध्र दिनभित्र स्वीकृति दिनुपर्नेछ । स्वीकृति नदिने भएमा सो को कारण खोली पाँच दिनभित्र निवेदकलाई जानकारी दिइसक्नुपर्नेछ ।

१०. हस्तक्षेप नगर्नेः

१) नगरपालिकाको शेयर रहेको उद्योगको व्यवस्थापनमा सामान्य अवस्थामा नगरपालिकाले हस्तक्षेप गर्ने छैन । तर,

यस्ता उद्योगको सम्पत्तिको दुरुपयोग भएको पाइएमा , नगरपालिकालाई उपलब्ध गराउनुपर्ने प्रतिवेदन र प्रतिफल समयमा उपलब्ध नगराएमा , नगरपालिकाले शेयर फिर्ता मागेको अवस्थामा शेयर फिर्ता नगरेमा , उद्योग टाट उल्टिने अवस्था आएमा नगरपालिकाले व्यवस्थापनमा हस्तक्षेप गर्नवा सम्पत्ति जफत गर्न सक्नेछ ।

११. शेयर फिर्ता लिन सक्नेः

१) नगरपालिकाले आवश्यक ठानेमा नगरपालिकाको लगानी रहेको उद्योगबाट नगरसभाको निर्णयबाट जुनसुकै बेला शेयर लगानी फिर्ता लिन सक्नेछ । यसरी माग भएको अवस्थामा यस्ता उद्योगले नगरपालिकाको शेयर फिर्ता गर्नुपर्नेछ ।

२) नगरपालिकाको लगानी रहेको उद्योगले नगरपालिकाको शेयर फिर्ता गर्न चाहेमा जुनसुकै बेला फिर्ता गर्न सक्नेछ । यसरी शेयर फिर्ता गर्दा नगरपालिकालाई भुक्तानी गर्नुपर्ने दायित्व समेत भुक्तानी गर्नुपर्नेछ ।

३) नगरपालिकाले फिर्ता मागेको शेयर फिर्ता नगरेमा नगरपालिकाले यस्ता उद्योगको सम्पत्ति जफत गर्न सक्नेछ ।

१२. यस कार्यविधि अन्तर्गत भएको मानिनेः

१) नगरपालिकाले यस अघि गरेको शेयर लगानी र शेयर लगानीका निर्णय यस कार्यविधि अन्तर्गत भएको मानिनेछ ।

२) नगरपालिका तथा उद्योग बीच शेयर लगानी सम्झौता भए पश्चात उद्योगको विधानमा जे सुकै लेखेको भए तापनि यस कार्यविधिमा लेखिएको विषय नै लागु हुनेछ ।

१३. कार्यविधिमा संशोधनः

१) नगर कार्यपालिकाको बैठकबाट यस कार्यविधिमा भएका विषयहरु संशोधन , खारेजी वा हेरफेर गर्न सकिनेछ ।

आज्ञाले,
पंकज भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत